**Far Western Review**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9019
Published by Far Western University
Mahendranagar, Nepal

# चन्द्रवदन कथामा भौतिक र संज्ञानात्मक सङ्कथन

भुवेश्वरी बडू
शिक्षाशास्त्र केन्द्रीय विभाग, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
इमेल: bhuweshwaribadu14@gmail.com

## लेखसार

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित चन्द्रवदन कथाको भौतिक र संज्ञानात्मक सङ्कथनको अध्ययन गरिएको छ। यसका लागि पुस्तकालयीय कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको सङ्कलन, अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ। चन्द्रवदन विश्वेश्वरप्रसाद कोइरालाको (१९९२)मा लिखित प्रथम आधुनिक मनोवैज्ञानिक कथा हो। यो पछि वि.सं.२०५० सालमा विश्वेश्वरप्रसाद कोइरालाका कथा नामक कथा सङ्ग्रहमा सङ्कलन गरी प्रकाशित गरिएको छ। यस कथामा चन्द्रवदन पात्रको मनोविज्ञानलाई प्रस्तुत गरिएको छ। सङ्कथन भाषाको उच्चतम एकाइ हो। तसर्थ यसलाई भाषाका विस्तारित रूपहरूको विश्लेषण मानिन्छ। एउटा सङ्कथनभित्र एक वा एकभन्दा बढी अनुच्छेद हुन्छन्। अनुच्छेद सरल र जटिल वाक्यहरूको पूर्वापर शृङ्खलाबाट निर्मित हुने भाषिक एकाइ हो। यसरी हेर्दा सङ्कथनलाई सिङ्गो भाषिक अभिव्यक्तिका रूपमा चिन्नुपर्ने हुन्छ। यस लेखमा सङ्कथन विश्लेषण अन्तर्गत विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित चद्रवदन कथाको भौतिक र संज्ञानात्मक सन्दर्भहरूको खोजी गरी भौतिक सन्दर्भभित्र स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सहभागीगत सन्दर्भहरू तथा संज्ञानात्मक सन्दर्भभित्र सास्कृतिक र वैचारिक सन्दर्भको अध्ययन गरी निष्कर्षसमेत प्रस्तुत गरिएको छ।

***मुख्य शब्दावली :*** अन्तर्मन, जुल्फी, फ्रायड, बारदली संज्ञान, सुषुप्त

*Copyright 2025 © Author(s)* *This open access article is distributed under a* ***Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License***

## विषयपरिचय

चन्द्रवदन विश्वेश्वर प्रसाद कोइराको पहिलो मनोवैज्ञानिक कथा हो । वि.सं. १९९२ को शारदा पत्रिकामा चन्द्रवदन कथाको प्रकाशन गरी नेपाली साहित्यको कथा विधामा औपचारिक रूपमा प्रवेश गरेका कोइरालाले यस पूर्व हिन्दीमा गद्य कविता तथा कथा लेखिसकेका थिए । कथाकारका रूपमा कोइराला आधुनिक नेपाली कथाका प्रयोक्ता मध्ये एक हुन् । नेपाली कथामा उनलाई मनोवैज्ञानिक यथार्थवादी धाराका प्रारम्भकर्ता मानिन्छ । उनी नेपाली साहित्यको कथा विधाका प्रथम मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । उनले सामाजिक पृष्ठभूमिमा मानवीय अर्न्तमनका यथार्थको खोजी गरेका छन् । फ्रायडको मनोविज्ञानबाट प्रेरित र प्रभावित भइ त्यसलाई  कलात्मक रूपमा प्रस्तुत गर्ने काम उनले गरेका छन । उनका प्राय सबै कथामा, मानवीय मनोविज्ञानको विश्लेषण गरिएको पाइन्छ । फ्रायडले आˆना मनोवैज्ञानिक सिद्धान्तमा काम शक्तिको मानवीय जीवनमा मूल भूमिका हुने कुरा स्विकारेका छन् । उनकाअनुसार मानिसका मनमा अवचेतन, चेतन र अर्धचेतन गरी तीन तह हुन्छन् । मानिसमा दमित, अतृप्त र असन्तुष्ट भावनाहरू ग्रन्थीका रूपमा अचेतनमा रहेका हुन्छन् । अचेतनमा रहेका यिनै दमित र कुण्ठित काम भावनाहरूले मानिसको चेतन क्रियामा प्रभाव पार्दछन् । कोइरालाले आफ्ना कथामा पात्रका यिनै मानसिक स्थितिको जीवन्त चित्रण गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला आपना कृतिमा पात्रहरूको मनोलोकको गहिराइभित्र पसेर सुक्ष्म अध्ययन गर्न सक्ने मनोविश्लेषणवादी कथाकार हुन् । चन्द्रवदन कथा विश्वेश्वरप्रसाद कोइरालाका कथा वि.सं. २०५० मा सङ्ग्रहित मनोवैज्ञानिक कथा हो । यो उनको वि.सं. १९९२ सालमा प्रथम पटक शारदा पत्रिकामा प्रकाशित कथा हो । यो कोइरालाको कथा यात्राको प्रथम चरणमा लेखिएको मनोवैज्ञानिक कथा पनि हो । विश्वेश्वरप्रसाद कोइरालाका तीनओटा कथासङ्ग्रह *'दोषी चश्मा'* (२००६) *'श्वेतभैरवी'* (२०३९) र *'विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू'* (२०५०) प्रकाशित छन् । उनका कथा समाज मनोविज्ञानको चित्रणका दृष्टिले ज्यादै सफल छन् । तात्कालीन, सामाजिक, आर्थिक, राजनीतिक सन्दर्भको परिप्रेक्ष्यमा व्यक्तिको यौन मनोविज्ञानसँगको सम्बन्धलाई उनका कथाले मुख्य विषय बनाएका छन् । यस दृष्टिले उनको 'चन्द्रवदन' कथा निकै महत्तवपूर्ण तथा रोचक कथा मानिन्छ ।

सङ्कथन विश्लेषण भाषाको सन्दर्भपरक अर्थको खोजीसँग सम्बन्धित हुन्छ । यसले कुनै पनि भाषिक अभिव्यक्तिमा केकसरी आन्विति कायम हुने गरेको हुन्छ भन्ने कुराको खोजी गर्ने काम गर्दछ । यसैक्रममा यसको विकास भएको हो । पाठमा प्रयुक्त भाषाको माध्यमबाट पाठभित्र र पाठबाहिरको अर्थको खोजी सङ्कथन विश्लेषणमा हुन्छ । सङ्कथन विश्लेषणभित्र सन्दर्भको खास अर्थ खोजिन्छ र एउटा पाठको समग्र अर्थको बोध गरिन्छ । यस अध्ययनमा पाठको भाषाले दिन खोजेको अर्थ बुझ्नका निमित्त सङ्कथन विश्लेषण अर्न्तगत भौतिक र संज्ञानात्मक सङ्कथनका आधारमा 'चन्द्रवदन' कथाको विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनमा प्रस्तुत कथाको भौतिक सङ्कथन अर्न्तगत स्थान सहभागीहरूको अवस्था र संज्ञानात्मक सङ्कथन अर्न्तगत सांस्कृतिक र वैचारिक अध्ययन गरिएको छ ।

चन्द्रवदन कथा विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक कथा हो । प्रस्तुत कथामा यसको परिवेश पात्रहरूको चरित्र चेतन, अवचेतन, इद, इगो, जस्ता भावलाई सन्दर्भताका आधारमा केकसरी अध्ययन गर्न सकिन्छ भन्ने विषय यस अध्ययनको मुख्य समस्या हो । यस अध्ययनमा

चन्द्रवदन कथाको सङ्कथन विश्लेषण अर्न्तगत सन्दर्भगत र संज्ञानात्मक सङ्कथनको विश्लेषण गरिएको छ । चन्द्रवदन कथाको सङ्कथन विश्लेषण गर्नु यस अध्ययनको समस्या हो ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको चन्द्रवदन कथामा परिवेश पात्रहरूको चरित्र, चेतन,अवचेतन, इद, इगो जस्ता भावलाई सन्दर्भता र संज्ञानात्मकताका आधारमा सङ्कथन विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत चन्द्रवदन कथाको भौतिक र संज्ञानात्मक सङ्कथन विश्लेषण लागि विषयसँग सम्बन्धित सामग्री निम्न अध्ययन विधि अपनाई विश्लेषण गरिएको छ ।

### सामग्री सङ्कलन विधि

चन्द्रवदन कथाको सङ्कथन विश्लेषणका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा कोइरालाको चन्द्रवदन कथालाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा विश्वेश्वरप्रसाद कोइरालाका साहित्यिक रचनाका समालोचना, कोइरालासम्बन्धि लेख रचना, चन्द्रवदन कथाका विषयमा गरिएका समालोचना, सङ्कथन विश्लेषण तथा सिद्धान्त सम्बन्धी पुस्तकहरूलाई लिइएको छ ।

### विश्लेषण विधि

यस अध्ययनअर्न्तगत विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन कथाको भौतिक र संज्ञानात्मक सङ्कथनको अध्ययन विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषण अर्न्तगत कथामा रहेको भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भको विश्लेषण गरिएको छ । यसको अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

### सैद्धान्तिक पयार्यधार

प्रस्तुत अध्ययनमा सङ्कथन विश्लेषण अन्तर्गत सन्दर्भ विश्लेषणको सैद्धान्तिक पर्याधारका आधारमा ‘चन्द्रवदन’ कथाको विश्लेषण गरिएको छ । विश्लेषणका निम्ति वर्णनात्मक विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ । यस अर्न्तगत सङ्कथन विश्लेषणको सैद्धान्तिक पयार्यधार निम्नानुसार रहेको छ ।

सङ्कथन भाषामा टेकेर गरिएको सिङ्गो अर्थको खोजी हो । सङ्कथनले भाषामा रहेको कुनै खास अर्थको खोजी गर्ने कार्य गर्दछ । सङ्कथनभित्र मूलभूत रूपमा शब्द र अर्थ गरी दुईवटा पक्षहरू स्पष्ट रूपमा आएका हुन्छन् । शब्द संरचनापरक कोणसित सम्बन्धित हुन्छ भने अर्थ चाँहि सन्दर्भपरक कोणसित सम्बन्धित हुन्छ  (पौडेल र पोखेल, २०७१. पृ. १) । त्यसैले सङकथनभित्र कुनै पनि पाठको समग्रताको अध्ययन विश्लेषण  गरिन्छ । सङ्कथन यस्तो भाषिक अभिव्यक्ति हो जुन एक सार वाक्यका रूपमा वा यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ  (गौतम, २०६८, पृ. ५७१) । सङ्कथनले समान्यतः वाक्यभन्दा माथिल्ला भाषिक एकाइलाई जनाउछ । अझ व्यापक रूपमा भन्दा कथ्य वा लेख्य स्वरूपमा प्रस्तुत अर्थपूर्ण र सिङ्गो भाषिक अभिव्यक्ति नै सङ्कथन हो । यसको निर्माणका लागि भाषाका वर्णदेखि वाक्यसम्मका सबै एकाइहरूको आवश्यकता अनुसार प्रयोग गरिन्छ । यसमा कुनै खास विषय वा प्रसंगको सिलसिलेवार र शृङ्खलित प्रस्तुती हुन्छ । यसरी हेर्दा एक वाक्यात्मक अनुच्छेददेखि लिएर बहु अनुच्छेदसगँ परिच्छेद मिलेर बनेका कथ्य

पाठ तथा लेख्य पाठ सबै सङ्कथनका उदाहरण हुन्छन् ।

सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा र लेख्य भाषामा भएका अभिव्यक्तिको अध्ययन हुन्छ  र कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने प्रयुक्तिहरूको समायोजन यस्ता सङ्कथनमा कसरी हुन्छ र भएको छ त्यसको अध्ययन पनि हुन्छ । त्यसमा उच्चारणको विशिष्ट ढाँचासहित शब्द चयन, वाक्य चयन र आर्थि अभिव्यक्तिका साथै भाषिक व्यवहारको समेत अध्ययन गरिन्छ । तसर्थ सङ्कथनमा ससाना मुक्तक अभिव्यक्तिदेखि लिएर बृहत्तर भाषिक पाठको समेत विश्लेषण हुन्छ । (गौतम, २०६८ . पृ. ५७१) । सङ्कथनलाई संरचनापरक तथा सन्दर्भपरक दुई रूपबाट परिभाषित गरेको पाइन्छ । संरचनापरक भाषाअन्तर्गत सङ्कथनलाई वाक्यभन्दा माथिल्लो तहको भाषिक प्रयोगका रूपमा र सन्दर्भपरक परिभाषा अन्तर्गत खास सन्दर्भमा भएको भाषाको प्रयोग वा वास्तविक भाषिक प्रयोगका रूपमा लिएको पाइन्छ । त्यसैले सङ्कथनलाई कुनै सम्बद्ध विषयको आदिदेखि अन्त्यसम्मको श्रृंखलावद्ध भाषिक अभिव्यक्तिका रूपमा परिभाषित गर्ने गरिन्छ (गौतम,२०६८, पृ. ५७२) ।

सङ्कथनमा पाठको बाह्य सम्बन्ध भनेको पाठ बाहिरको सम्बन्ध हो । पाठमा अन्य पक्षलाई कसरी समावेश गरिएको छ भन्ने हो । भाषिक पक्षको अध्ययनबाट मात्रै कुनै पनि पाठको अर्थ खुल्दैन र त्यसमा भाषा इतर सम्बन्धको अध्ययन गर्न अति आवश्यक हुन्छ । सङ्कथन विश्लेषणमा भाषिक तथा गैरभाषिक पक्षको अध्ययन गरिन्छ, जसलाई सन्दर्भपरक विश्लेषण पनि भनिन्छ । पाठको भाषिक संरचना विशिष्ट किसिमको हुन्छ । त्यसैले सङ्कथन विश्लेषणमा पाठलाई खण्डीकृत गरेर अर्थलाई बाह्य सन्दर्भसँग जोडेर हेरिन्छ । यस सन्दर्भमा पाठको अन्तरनिहित संरचना ठम्याएर पाठको सन्दर्भगत अर्थ पहिचान गर्न सकिन्छ । अन्तरनिहित भाषिक संरचनाका तहमा रहेका तर पाठगत भाषिक संरचनामा नरहेका संरचकहरूको अर्थगत सम्बन्ध, पाठभित्रका पदपदावली, वाक्यांश, वाक्य तथा अनुच्छेद जस्ता भाषिक एकाइहरूको पारस्परिक भाषिक अन्तर सम्बन्धमा निहित हुन्छ । पाठगत भाषिक संरचनामा लुप्त रहेका शब्दहरू अन्तरनिहित भाषिक संरचनामा रहेका हुन्छन् जसलाई व्याकरणिक अर्थबाट कुरा गरी सङ्कथन विश्लेषणमा अर्थ खोजिन्छ । भाषिक एकाइहरूको पारस्परिक सम्बन्धबाट अर्थ द्योतक हुने स्थितिमा अन्तरनिहित भाषिक संरचना पाठगत भाषिक संरचनामा लोप भएको हुन्छ । यस सन्दर्भमा स्वतः बुझिने अभिव्यक्तिको लोप भएर अन्तरनिहित संरचना पाठगत संरचनामा परिणत भएको हुन्छ । ह्यालिडेले पाठगत संरचना र अन्तरनिहित भाषिक संरचनालाई जोड्ने काम तार्किक, आनुभाविक घटकले गर्छ भनेका छन् । यो सङ्कथन विश्लेषणको महत्तवपूर्ण आधार हो (ढकाल, २०६७,  पृ. २६१) ।

सङ्कथन विश्लेषण अन्तर्गत पाठमा विभिन्न सन्दर्भहरूको खोजी गरिन्छ । यस्ता सन्दर्भहरू भौतिक र संज्ञानात्मक गरी दुई प्रकारका हुन्छन् । पाठमा अन्तरनिहित भौतिक सन्दर्भहरूले अर्थ सम्प्रेषणमा सूचना सम्प्रेषणको काम गर्दछन् । भौतिक सन्दर्भ अन्तर्गत स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सहभागी सन्दर्भहरू रहेका हुन्छन् । संज्ञानात्मक सन्दर्भ भनेको पाठभित्र अभिव्यक्त ज्ञानात्मक अर्थ हो । (अधिकारी ,२०६७ .पृ ५४) भौतिक सन्दर्भ मूर्त किसिमको हुन्छ भने संज्ञानात्मक सन्दर्भ अमूर्त किसिमको हुन्छ । पाठमा प्रयुक्त स्थान, काल र सहभागीहरूका माध्यमबाट लेखकीय दृष्टिकोण वा विचारका रूपमा एउटा अर्थ अभिव्यञ्जित भएको हुन्छ र त्यही नै संज्ञानात्मक सन्दर्भ हो । संज्ञानात्मक सन्दर्भ अन्तर्गत सामाजिक, आर्थिक, राजनीति, धार्मिक, सांस्कृतिक एवंम् वैचारिक सन्दर्भहरू पर्दछन् । पाठमा आएका यस्ता सन्दर्भहरूले एउटा पाठलाई अर्थपूर्ण बनाउछन् । भाषिक संरचनाका रूपमा संकथन भनेको वाक्यभन्दा माथिल्लो आफैमा

पूर्ण अभिव्यक्ति हो । माध्ययमका रूपमा यो कत्थ्य, लेख्य वा सांकेतिक हुन सक्छ (बन्धु,२०७७, पृ,३३६) । आकारका रूपमा यो सानोभन्दा सानो पनि हुनसक्छ र यो वर्षौं चलिरहने पनि हुन सक्छ । छोटा छोटा आफैमा पूर्ण सुक्ति, उखान, हाइकु वा मुक्तक पनि सङकथन हुन् । लामालामा महाकाव्य,उपन्यास वा विभिन्न भागमा विभाजित जीवनी पनि संङ्कथन हुन ।

कुनैपनि पाठमा सन्दर्भको मूलतः दुई अर्थ रहेको हुन्छ । सन्दर्भ नमिलेका अवस्थामा पाठमा सम्बन्ध स्थापित हुँदैन र पाठ बन्दैन । यसरी पाठका वाक्यहरू बिचको सम्बन्धलाई सन्दर्भ भनिन्छ भने अर्को सन्दर्भ प्रयोग भएका वाक्यको सम्प्रेष्णात्मक प्रकार्य हुन्छ । यस किसिमको सम्प्रेषणात्मक प्रकार्य पनि सन्दर्भ हो । पहिलो सन्दर्भले पाठभित्रका विषय वस्तुलाई समेट्छ जुन पाठभित्रको सन्दर्भ हो भने पाठभन्दा बाहिरका विषयवस्तुलाई र पाठमा प्रयोग भएका भाषिक रूपहरूका बिच सम्बन्ध नै दोस्रो सन्दर्भ हो । कुनै पनि पाठभित्र भौतिक परिवेश, संज्ञानात्मक परिवेश तथा अन्तरवैयक्तिक परिवेशलाई संकेत गर्ने भाषिक एकाइहरू हुन्छन् र तिनको निश्चित संरचना हुन्छ । यिनै संरचनाका आधारमा अनुच्छेदको निर्माण हुने गर्दछ ।

प्रयोक्तालाई एकअर्काको र सांसारिकता बारे के थाहा छ भन्ने कुरामा आधारित सन्दर्भलाई संज्ञानात्मक सन्दर्भ भनिन्छ । संज्ञानात्मक सन्दर्भ भनेको जीवन अनुभव हो जुन सन्दर्भबाट व्यक्तिले आर्जन गरेको हुन्छ वा अन्तरवैयक्तिक रूपमा नीजि अनुभव वा ज्ञानको रूपमा व्यक्तिनिष्ठ संज्ञानका रूपमा रहेको हुन्छ । यसप्रकार सङ्कथन वा पाठ विश्लेषण सन्दर्भपरक अर्थको खोजी हो । सङ् कथनभित्र विभिन्न पक्षहरू रहेका हुन्छन् । तर यस अध्ययनमा भौतिक सन्दर्भ अन्तर्गत स्थानगत सन्दर्भ, समयगत सन्दर्भ र सहभागीगत सन्दर्भ तथा संज्ञानात्मक सन्दर्भ अन्तर्गत सांस्कृतिक सन्दर्भ र वैचारिक सन्दर्भको मात्र अध्ययन गरिएको छ ।

## अध्ययनको सिमाङ्कन

विश्वेश्रप्रसाद कोइरालाद्वारा लिखित चन्द्रवदन कथामा केन्द्रित हुनु यस अध्ययनको कृतिगत सिमाङ्कन हो भने चन्द्रवदन कथाको सङ्कथन विश्लेषण अर्न्तगत भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भको मात्र अध्ययन गर्नु यसको सीमा हो । यस किसिमबाट सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रही चन्द्रवदन कथाको विश्लेषण र मूल्याङ्कन गरिनुलाई यस अध्ययनको सिमाङ्कन मानिएको छ ।

## सामग्रीको विश्लेषण

वि.सं. १९९२ सालमा शारदा पत्रिकामा चन्द्रवदन कथाको प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका विशवेश्वरप्रसाद कोइरालाले यसपूर्व हिन्दीमा कथा तथा कविता लेखिसकेका थिए । कथाकारका रूपमा कोइराला आधुनिक नेपाली कथाका प्रस्तोता मध्ये एक हुन् । नेपाली कथामा उनलाई मनोवैज्ञनिक यथार्थवादी धाराका प्रारम्भकर्ता मानिन्छन् । उनले आफ्ना कथामा पात्रहरूको मनोदशाको विश्लेषण गरेका छन । उनका कथामा पात्रको मानसिक स्थितिको जीवन्त चित्रण पाइन्छ । उनी सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तबाट प्रभावित छन । उनले आफ्ना कथामा फ्राइडीय मनोविज्ञानको सफल प्रयोग गरेका छन् । फ्राइड मानवीय जीवनमा काम शक्तिको विशे ष आवश्यकता भएको कुरा बताएका छन् । कोइरालाका कथामा मानवीय मनको विश्लेषण गरे को पाइन्छ । यिनका कथामा मानिसहरू यौवन कुण्ठाका शिकार भएका छन् । यस्ता पात्रहरूका कार्यव्यपारलाई उनीहरूको अवचेतनमा रहेको कामवृतिले उत्प्रेरित गरिरहेको हुन्छ ।

**विषय सन्दर्भ**

चन्द्रवदन कथा उनको आफ्नै विश्वेश्वरप्रसाद कोइरालाका कथा (२०५०) सङ्ग्रहमा राखिएको प्रथम मनोवैज्ञानिक कथा हो । यो उनको प्रथम चरणमा प्रकाशित कथा हो । यस कथामा चन्द्रवदन पात्रको मनोविज्ञानलाई सफल रूपमा प्रस्तुत गरिएको छ । कथाकारले क्षीण कथानकको प्रयोग गरेर आदिदेखि अन्तसम्म चन्द्रवदनका मनभित्र उब्जेका भाव र तिनबाट उसले प्रस्तुत गरेका क्रिया प्रतिक्रिया प्रस्तुत गरेका छन । उसका मनभित्र दमित यौनेच्छा र त्यसको प्रतिक्रिया स्वरूप प्रस्तुत क्रिया यहाँ व्यक्त गरिएको छ ।

चन्द्रवदन कथाले स्थानगत परिवेशका रूपमा कुनै ठाउँलाई प्रस्ट्याइएको छैन । यद्यपि यसले सहरी परिवेशको सङ्केत गरेको पाइन्छ । समयका दृष्टिले कथाकी प्रमुख पात्र चन्द्रवदनका २/४ दिनका क्रियाकलाप मात्र प्रस्तुत गरिएका छन् । त्यसैले यस कथाले ओगटेको समयगत परिवेश निकै कम छ । यस अध्ययनमा सामग्री  विश्लेषणका लागि विश्वेश्वरप्रसाद कोइरालाको चन्द्रवदन कथाबाट साक्ष्यहरू झिकी सङ्कथन विश्लेषण गरिएको छ ।

**भौतिक सन्दर्भ**

भाषिक अभिव्यक्तिबाट वास्तविक संसारका वस्तुलाई सन्दर्भित गर्नु नै सन्दर्भ हो । सन्दर्भ दुई किसिमका हुन्छन । भाषागत सन्दर्भ र वक्तागत सन्दर्भ यसमा कुनै शब्दले सन्दर्भित गर्दा वास्तविक संसारका वस्तुलाई हेरिन्छ । चन्द्रवदन कथामा भौतिक सन्दर्भ अर्न्तगत चन्द्रवदन कथाको कालगत, स्थानगत र सहभागीहरूको सन्दर्भ पर्दछ  । यस भौतिक सन्दर्भको विश्लेषण यस कथामा निम्नानुसार गरिएको पाइन्छ ।

**कालगत तथा स्थानगत सन्दर्भ**

चन्द्रवदन कथाको कालिक परिवेशलाई हेर्दा कथाकारले कथा रचना गरेको समयलाई जनाउछ । नेपाली समाजको मध्यम वर्गीय पारिवारिक वातावरण र चन्द्रवदनका दुईचार दिनका क्रियाकलाप बाहेक यस कथामा अरुकेही पाइदैन् । तत्कालीन समयमा नेपाली समाजमा महिलाहरू केकसरी पारि वारिक जीवन बिताइरहेका थिए भन्ने कुरालाई देखाइएको छ । यस कथाको वर्णित समयलाई हेर्दा र णाकालीन समयको झल्को देखिन्छ । यसको रचनाकालीन समयावधीलाई हेर्दा  वि स १९९२ साल र शारदा पत्रिकालाई देखाइएको छ । तत्कालीन समय र परिवेशलाई देखाउन कथाकारले तत्कालीन समयको नेपाली समाजको परिवेशअनुसार अधिकांश महिलाले घरको काममा मात्र सीमित हुनुपने र्ं बाध्यात्मक अवस्था, अशिक्षित भएर बस्नु पर्ने बाध्यता, सानै उमेरमा बालविवाह गरी बच्चा समे त जन्माएकी तर कुनै नोकरी तथा आर्थिक स्रोत नभएकी गरिव मध्यम वर्गीय परिवारकी पात्रका रूपमा चन्द्रवदनलाई उभ्याएका छन् । तत्तकालीन समयमा महिलाले घरको काममा मात्र सीमित हुनुपर्छ भन्ने सोचाइका कारण महिलाहरू अनेकौं शारीरिक र मानसिक समस्याले पीडित थिए । त्यस समयको निम्न वर्गीय पारिवारिक परिवेश र अवस्थालाई कथाकारले कथामा यसरी देखाएका छन् ।

**साक्ष्य १**

चन्द्रवदनको दिन बडो कठिनाइले वित्दथ्यो । अलिक फुर्तिली हुनाले सानो घरको काम सिध्याइकन पनि सारादिन फुर्सद हुन्थ्यो ।

प्रस्तुत अंशका माध्यमबाट कथाकारले कालगत तथा स्थानगत परिवेशको कुनै सङ्केत नगरे

पनि बाह्य भौतिक परिवेश भन्दा पात्रको आन्तरिक मनोवैज्ञानिक परिवेशलाई सजीव रूपमा चित्रण गरेका छन् ।

**सहभागीगत सन्दर्भ**

सहभागीगत सन्दर्भ भन्नाले यस कथामा आएका पात्रहरूको सहभागीतालाई जनाउँछ । चन्द्रवदन यस कथा कि प्रमुख पात्र हो त्यसपछि अन्य पात्रहरूमा चन्द्वदन कि तीन बर्षिया छोरी र पारिपट्टीको जुल्फीवाल केटो रहेका छन् । यस कथा कि प्रमुखपात्र चन्द्वदन कै वरिपरी सम्पुर्ण कथावस्तु घुमेको छ । उ उन्नाईस वर्षीया विवाहित महिला हो । उसकी एक तीन वर्षीय छोरी छ भन्ने उसको लोग्ने जेल परेको छ ।  चौध वर्ष हुँदा विवाह भएकी र विवाह भएको दुई वर्षपछि छोरी जन्मेकी अनि त्यसको एक वर्ष पछि लोग्ने जेल परेको ले ऊ प्रेम र यौवनको रहस्य थाहा नहुदै लो ग्नेबाट विछोडिन बाध्य भएकी पीडित नारीपात्र हो । यसलाई कथाकारले कथामा यसरी व्यक्त गरेका छन् ।

**साक्ष्य २**

आफू अहिले उन्नाइस वर्ष कि भै प्रेम भनेको के हो ? थाहा पाएकी थिइन पाचँ वर्ष पहिले विवाह भएपछि फेरी जीवनमा रहर लाग्दो कुरा भएन सारा दिन एकनाससँग गइरहेछन् । विवाह भएको दुई वर्षपछि छोरी पाई । .........एकवर्ष पहिले पतिलाई भ्यालखानामा हालिदिए ।

यस कथाको वर्णित  विषयवस्तुलाई हेर्दा चन्द्रवदन भाग्यले ठगिएकि दुःखी नारी पात्र हो । ऊ चेतन तहमा परपुरुषलाई हेर्न र सम्झिन पनि हुन्न ठान्छे । त्यसैले आफ्नो घरको पारिपट्टि दे खिने युवकबाट टाढा हुन बारदलीमा बस्न छाडछे । तर भित्र बस्दा पनि पटक पटक अचेतन मनले युवकप्रति तानी रहन्छ । यसैको परिणाम स्वरूप लुक्दै हेर्दै गर्छे । युवकपनि युवतीप्रती आकर्षित भै बारदलीमा बसेर तलमाथि गरी युवतीलाई हेरिरहन्छ । यसरी यिनीहरू एकअर्काप्रति आकर्षित दे खिन्छन् ।

**संज्ञानात्मक सन्दर्भ**

संज्ञानात्मक सन्दर्भ अर्न्तगत सास्कृतिक र वैचारिक सन्दर्भको विश्लेषण यस अध्ययनमा गरि एको छ ।

**सास्कृतिक सन्दर्भ**

मनोवैज्ञानिक कथा भएपनि यसले नेपाली समाजको सामाजिक तथा सास्कृतिक पक्षलाई पनि देखाएको छ । गरिब मध्यम वर्गीय नेपाली समाजमा उसको सानो परिवार भएका कारण  विहान बे लुकाको काम चाडै सिद्धिन्छ र उसलाई दिन र रात काट्न निकै गाह्रो हुन्छ । कतै काम गर्न जान पनि काखमा सानी छोरी छ ।  माइतीले पनि धेरै वास्ता नगर्ने भएकाले माइतमा पनि जान र आउन गर्दिन । गाउँ छिमेकमा पनि जाने आउने गर्दिन काम गर्दा, भाडाँ घोप्ट्याएर राख्दा, कोठामा कुच्चो लगाउदा, छोरीको नाकमुख सफा गर्दा लोग्नेलाई घरीघरी सम्झिरहन्छे । दिनमा फुर्सदमा बत्ती कात्ने, बिहान बेलुका पुजा गर्ने आफुलाई जस्तोसुकै कठिन परिस्थिति आइपरे पनि भगवानले साथ दिन्छन् भन्ने विश्वास उनमा थियो । कथामा सांस्कृतिक सन्दर्भलाई यसरी देखाइएको छ ।

**साक्ष्य ३**

चन्द्रवदन विहान उठि, नुहाइबरी पूजापाठ पनि गरिरहन्थी । जब त्यो तरकारी काट्न भनेर बस्थी उसकी एउटी तीन वर्षीया छोरी आखाँ मिच्दै रुदै आउथी । एकछिन त्यसलाई काखमा ली

फुल्याउथी ।

मध्यम वर्गीय नेपाली समाजमा महिलाहरू पीडित छन । सानै उमेरमा विवाह गर्नु पने, बच्चा जन्माउनु पर्ने, उमेर सानै भएपनि परिवारका हरेक जिम्मेवारी खुसी भएर पूरा गर्नु पनेकुरा चन्द्रवदनको दैनिकीबाट प्रष्ट हुन्छ । उनीहरू जीवनमा जतिसुकै कष्ट आइपरे पनि आफ्नो पारि वारिक, सामाजिक तथा सांस्कृतिक परम्परा र जिम्मेवारीलाई निरन्तरता दिइरहन्छन् । १४ वर्षको उमेरमा विवाह भएपनि चन्द्रवदन परिवारमा आफूले गर्ने नियमित कार्यहरू पूजापाठ गर्न, बत्ती कात्ने, सामाजिक मूल्यमान्यताहरूको पालना गर्ने, जतिसुकै सङ्घर्षमा पनि खुसी साथ आफ्नो परिवारलाई अगाडि बढाउने काम गर्दछिन् । समाजमा महिलाले गर्नुपर्ने र चलिआइएका हरे कचालचलको पालना गर्दै आपना दिनहरू बिताउथी ।

## वैचारिक सन्दर्भ

प्रस्तुत कथामा कथाकार विश्वेश्वरप्रसाद कोइरालाले मानवीय मनोविज्ञानलाई सशक्त रूपमा देखाएका छन् । यौन मान्छेको सशक्त पक्ष हो । यसको नियन्त्रण आँशिक सम्भव भएपनि विशेष क्षणमा यसले नियन्त्रण गुमाइ मानिस चेतना शून्य हुन सक्छ । चेतनमन भन्दा अचेतन मन बढी सशक्त हुन्छ भन्ने कुरालाई कथामा यसरी देखाइएको छ ।

## साक्ष्य ४

सधै चन्द्रवदन त्यो जुल्फीवाललाई कहिले बारदलीमै, कहिले पानी भर्न जादा बाटामा देख्दथी । सधै त्यसको जुल्फी तेलले चिल्लपिल्ल रहन्थ्यो....... । त्यो जूल्फीवाल त्यही आफ्नो बारदलीमा र हन्थ्यो चन्द्रवदन त्यसैगरी दिनहुँ खोजी खोजी दुईतीन चोटी त्यसलाई हेर्दथी । नसोचू भन्दाभन्दै पनि यस्तो फुसर्दको लामो दिनमा त्यो जुल्फीवाललाई हेर्नु त्यसको एउटा नियम जस्तै भएको थियो ।

माथिको कथाशंबाट कथाकार कोइरालाले यौन जीवनको उर्जा हो । यसको कारण मानिस जीवित रहन्छ । यौवनको सहजताले मानिसलाई सृजनशील बनाउँछ भन्ने यही यौनको कुण्ठाले मानिसलाई असामान्य कुण्ठित र अस्वस्थ्य बनाउन सक्छ भन्ने कुरालाई कथाकारले यस कथामा दे खाएका छन् । यस कथामा यौनलाई जैविक आवश्यकताका रूपमा प्रस्तुत गरिएको छ । यसलाई जतिसुकै तरिकाले दमन गर्न खोजेपनि यो नियन्त्रण हुन सक्दैन । मानिस मुख्य रूपमा अचेतन मनबाट सञ्चालित हुने भएकाले मानवीय नैसर्गिक चाहानालाई चेतनमनबाट दमन गर्न खोजे पनि त्यो बाह्य रूपमा प्रकट भइ हाल्छ । चन्द्रवदनले आपनो घरभन्दा पारिपटीको घरमा देखिएको युवकलाई हेर्न नचाहादा नचाहदै पनि अचेतन मनले त्यतैतिर तानिरहेको छ । यसै मनोवैज्ञानिक यथार्थको उद्घाटन गर्नु नै यस कथाको वैचारिक सन्दर्भ हो । स्वच्छन्द जीवन यापनका लागि सहज यौनको निकास आवश्यक छ भन्दै यौनको दमनले असामान्य स्थिति निर्माण हुने कुरा प्रस्ट हुन्छ । यसलाई टिपणी गर्दै राजेन्द्र सुवेदी भन्दछन् । “यौन उन्मादको उत्कर्षमा मानिस केवल आनन्दको मोहमामात्र सीमित नभइ पशुवत प्रवृतितर्फ उन्मुख हुनसक्छ” । यसरी कोइरालाले आपना कथामा सरलदेखि जटिल यौनगत जीवनका अनुभूतिहरूलाई प्रकट गरिएको पाइन्छ । अतृप्त यौन इच्छाले व्यक्तिको जीवनलाई पुरै प्रभावित गर्दछ र अतृप्त कुण्ठाले व्यक्तिको व्यक्तित्वलाई हिसंक समेत बनाउन सक्छ । त्यसैले उनले यौनलाई मानवीय जीवनको अनिवार्य तत्वका रूपमा समेत लिएका छन् । यसरी यौन मानिसको जीवनमा आवश्यक छ भन्ने कुरालाई देखाउनु यस कथाको वैचारिक सन्दर्भ हो ।

## निष्कर्ष

सङ्कथनभित्र वाक्यभन्दा माथिका भाषिक एकाइ पर्दछन । सङ्कथनभित्र अनुच्छेद,वाक्य,वाक्यांश,पदावली शब्द र रूपहरू पर्दछन् । भाषिक संरचनाका रूपमा सङ्कथन भनेको वाक्यभन्दा माथिको आफैंमा पूर्ण अभिव्यक्ति हो । यस अध्ययनमा चन्द्रवदन कथाको सन्दर्भगत र संज्ञाात्मक कोणबाट सङ्कथन विश्लेषण गरिएको छ । चन्द्रवदन विश्वेश्वरप्रसाद कोइरालाको सर्वप्रथम वि.सं. १९९२ सालको शारदा पत्रिकामा प्रकाशित मनोवैज्ञानिक कथा हो । यस कथाकी प्रमुख पात्र चन्द्रवदन १९ वर्षीय विवाहित महिला हो । पाँच वर्ष अघि विवाह भएको र त्यसको केहि समयमै लोग्ने जेल परेकाले सघर्षमय जीवन जीउन बाध्य छ । एकदिन दक्षिणतिरको बारदलीमा बसी बत्ति कातिरहेको बेला उसले अगाडिको घरको बारदलीमा एउटा २५ वर्ष जतिको जुल्फी पालेको युवक देख्छे । युवकले उसतिर हेर्ने वित्तिकै लाज मानेर टाउकोमा लुगा हाल्छे । त्यसपछि बेला बेलामा उसतिर हेर्न थाल्छे । राति सुत्ने बेलापनि उसको सम्झनामा जुल्फीवाल आउँछ र उसलाई हेर्न थाल्छे । ऊ बारदलीमा बस्न सक्दिन । राती सुत्दापनि पटकपटक उसको सम्झना आउछ । बेलाबेला आफ्नो पतिलाई पनि सम्झन्छे । उसले जुल्फीवाल युवकलाई देख्छे । एकदिनको कुरा हो ऊ सबैभन्दा राम्रो लुगा लगाएर बारदलीमा आएर बस्छे । ऊ आउला र आफूलाई हेरौला भन्दै पुरै दिन वितेर जान्छ तर ऊ आउदैन । यस पछिका दिनहरू उसका निकै अल्छी लाग्दा भएर बित्छन् । यो उनको जीवनको कथा यात्राको प्रारम्भिक चरणमा लेखिएको भएपनि विषयवस्तु तथा भाषा प्रयोगका दृष्टिकोणले उत्कृष्ट कथा बन्न पुगेको छ । सङ्कथन कुनैपनि कृतिको समग्रताको अध्ययन भएकाले भाषा प्रयोग र विषयगत उच्चताका दृष्टिले यो उनको सफल कथा बन्न पुगेको छ । यसरी यस कथामा चन्द्रवदनको मानसिक अवस्थाको विश्लेषण गर्नुका साथै यस अध्ययनले कथाको भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भलाई सङ्कथन विश्लेषणका आधारमा प्रस्तुत गरिएको छ । यिनै भौतिक र संज्ञानात्मक सङ्कथनका आधारमा कथाको सङ्कथन विश्लेषण गरी यसलाई पूर्णता दिइएको छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषा विज्ञान.* (पाचौ संस्क), रत्न पुस्तक भण्डार ।

आचार्य, कुशिमला (२०७४), *नेपाली नाटक र आख्यान,* इन्टेलेक्च्युएल्ज बुक प्यालेस ।

उपाध्याय, धनकृष्ण (२०७७), *सङ्कथनको सैद्धान्तिक अवधारणा र विश्लेषण,* ड्रिमल्यान्ड पब्लिकेसन प्रा. लि. ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा* : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६८), *रत्न वृहत नेपाली समालोचना.* (सं. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम : रत्न पुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०५४), *नेपाली कथा,* : नवीन प्रकाशन ।

................(२०६९),*सङ्कथन विश्लेषण परिचय र पद्धति,* : इन्टेलेक्च्युएल्ज बुक प्यालेस ।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञान.* (सातौं सं ): शुभकामना प्रकाशन ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०७१),*सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा. ली ।

बन्धु, चुडामणि (२०७७), *भाषाविज्ञान,* (नवौं संस्क) साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०६३),*समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* (सातौं.संस्क) अक्सफोर्ड

इन्टरनेशनल पब्लिकेशन ।
शर्मा, मोहनराज (२०७८),*समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेशन हाउस ।